# शुद्धोधन गाउँपालिका
# गाँउ कार्यपालिकाको कार्यालय
लवनी, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल।

प. सं. : २०७९।८०
च. नं. :

मिति: २०८०।०१।२९

**पोषण सम्बन्धी आयमूलक कार्यक्रम संचालनका लागि प्रस्ताव आव्हान गरिएको सूचना।**
**(दोस्रो पटक प्रकाशित मिति २०८०/०१/२९)**

शुद्धोधन गाउँपालिका कार्यपालिका बैठक मिति २०८०/०१/२८ गतेको निर्णय अनुसार यस आ.व.०७९/८० को बहुक्षेत्रीय पोषण योजना कार्यक्रम अन्तर्गत महिला, बालबालिका र किशोरीहरुमा विद्यमान रहेको कुपोषणलाई दिगो विकासको लक्ष्य अनुरुप कुपोषणको समाधान गर्न र यसका विभिन्न कारक तत्वहरुलाई बहुक्षेत्रीय पोषणको अवधारणा अनुसार निराकरण गर्न विपन्न अवस्थाका मातृ शिशुहरुको पोषण अवस्थामा सुधार ल्याउन वार्षिक स्वीकृत पोषण सुधारको लागि विपन्न महिला सहकारी वा महिला समूहमा आयआर्जनको सुधार कार्यक्रम गर्न नगद अनुदान बजेट रु.६,२५,०००।– (अक्षेरुपी छ लाख पच्चीस हजार रुपैया मात्र) रकम रहेको र देहायको छनौट मापदण्डका आधारमा कर्यान्वियन गरिने भएको हुँदा ईच्छुक महिला सहकारी वा समुहले सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र शुद्धोधन गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयमा प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| क्र.सं. | कार्यक्रमको नाम | कुल बजेट | प्रस्ताव पेश गर्ने स्थान र समय |
|---|---|---|---|
| १ | पोषण सुधारको लागि विपन्न समूदायका महिला सहकारी वा महिला समूहलाई विपन्न सदस्यहरुको आयआर्जनको सुधार कार्यक्रम गर्न नगद अनुदान | ६,२५,०००।– | शुद्धोधन गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, लवनी, कपिलवस्तु। |

**आवश्यक कागजातहरु:**

- महिला सहकारीको हकमा प्रचलित कानुन बमोजिम दर्ता भई सम्वन्धित स्थानीय तह भित्र कार्यक्षेत्र भएको र महिला समुहको हकमा स्थानीय तहमा दर्ता भएको हुनुपर्नेछ।
- संस्था दर्ता तथा नवीकरण भएको प्रमाण पत्रको प्रतिलिपि र आर्थिक वर्ष ०७८/७९ को कर चुक्त प्रमाण पत्रको प्रतिलिपि।
- साधारण सभा सम्पन्न भएको निर्णयको प्रतिलिपि।
- महिला सहकारी वा महिला समूहमा आवद्ध सुनौला हजार दिनका महिलाहरुको संख्यात्मक विवरण।
- अनुदान कार्यक्रममा सहभागी हुने सम्बन्धित महिला सहकारी संस्था वा महिला समूहको कार्यसमितिको बैठक निर्णयको प्रतिलिपि।
- सर्म्वान्धित वडाको सिफारिस।
- कार्यविधिको दाफा ५ को उपदफा २ बमोजिम अनुसूची १ अनुसारको प्रस्ताव।
- कार्यविधिको दाफा ११ बमोजिम अनुसूची ४ बमोजिमको व्यवसायिक योजना।
- महिला समूह वा सहकारी संस्थाका सदस्यहरु मध्ये सुनौला हजार दिनका २५ जना आमा सदस्यहरुलाई मात्र अनुदान व्यवस्था मिलाउने महिला समूह वा सहकारी संस्थाको व्यवस्थापन समितिको निर्णय सहितको प्रस्ताव।

नोट: उक्त अनुसूचीहरुको आवश्यक पर्ने ढाँचा गाउँपालिका बाट उपलब्ध गराइने छ।
थप जानकारीका लागि शुद्धोधन गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय पोषण शाखामा सम्पर्क गर्न सकिने छ।

कृष्ण प्रसाद ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत